# मेचीनगर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## ईटाभट्टा, झापा

कोशी प्रदेश, नेपाल

**मेचीनगर नगरपालिका भएर बग्ने मेची, निन्दा, तिमाई र हडिया खोलाहरुको बगर क्षेत्रबाट दिगो रुपमा ढुंगा, गिट्टी, बालुवाको उत्खनन् तथा संकलन कार्यको लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारी सम्बन्धमा सार्वजनिक सूचना**

**प्रकाशन मितिः २०८१/०८/१०**

मेचीनगर नगर कार्यपालिकाको कार्यालय ईटाभट्टा, झापाद्वारा निम्न बमोजिमको प्रस्ताव वातावरण संरक्षण नियमावली २०७७ को नियम ७(२) अनुसार कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| **प्रस्तावको नाम र ठेगाना** | मेचीनगर नगरपालिका, ईटाभट्टा, झापा<br>Website: www.mechinagarmun.gov.np ; ईमेलः mechinagarmun@gmail.com;<br>फोन नं.: ०२३-५६२०७७, ०२३-५६२२१२ |
| **प्रस्तावको व्यहोरा** | मेचीनगर नगरपालिका भएर बग्ने मेची, निन्दा, तिमाई र हडिया खोलाको बगर क्षेत्रहरुबाट दिगो रुपमा ढुंगा, गिट्टी, बालुवाको उत्खनन् तथा संकलन गर्ने कार्यः |
| **प्रभाव पर्न सक्ने वडा /क्षेत्र** | मेचीनगर नगरपालिका वडा नं. १ ,२ ,३ ,११ ,१० ,९ ,८ ,७ ,६ ,५ ,४ ,१२,१४ र १५ |

माथि उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के—कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न मेचीनगर नगरपालिका वडा नं .१ ,२ ,३,११ ,१० ,९ ,८ ,७ ,६ ,५ ,४ ,१२ १४ र १५ तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति तथा संघ संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आईपुग्ने गरी राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| **प्रस्तावको नाम र ठेगाना** | **मेचीनगर नगरपालिका, ईटाभट्टा, झापा**<br>Website: www.mechinagarmun.gov.np ; ईमेलः mechinagarmun@gmail.com;<br>फोन नं.: ०२३-५६२०७७, ०२३-५६२२१२ |
| **परामर्शदाताको नाम र ठेगाना** | **प्लाटफर्म इन्जिनियरिङ कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सि प्रा.लि.,**<br>बानेश्वर, काठमाण्डौं,<br>ईमेलः platformgroup5@gmail.com |